# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुञ्जलापुर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७९/०८०
च.नं.

मितिः २०८०/०२/०८

विषयः चालु आ.ब. २०७९/०८० को भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा ।

श्री विषयगत शाखा सबै
श्री वडा कार्यालय सबै
श्री निर्माण व्यवसायी तथा उपभोक्ता सबै
श्री सरोकारवाल संघ सस्था सबै,

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगाबै भुक्तानी दिई निकासा र खर्चको लेखा अधाबधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको र उक्त समयमा चाप बढी भई सरबर डाउन हुने र सिस्टम पनि नचल्ने अवस्था हुन जाने भएको तथा आसाढ महिनामा कार्यालयले कर दाखिला गर्ने, संघिय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नु पर्ने अनुदानहरु फिर्ता गरी सोको भौचर कोष तथा लेखा नियन्त्रण कार्यालयमा बुझाउनु पर्ने, सम्पूर्ण कारोबारको हिसाब मिलान गरी संघिय सरकार तथा प्रदेश सरकार लगायतको निकायमा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमको मिति २०८०/०३/१० गते भित्र अनिवार्य रुपमा सम्पूर्ण कार्य सम्पन्न गरी मिति २०८०/०३/१५ गते सम्म भुक्तानी लिन आउनुहुन अनुरोध छ। सो अवधिमा भुक्तानी लिन नआएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

रमेश बस्याल
लेखा अधिकृत

२०८०/०२/०८
नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः
श्री नगर प्रमुख ज्यूको सचिवालय
श्री नगर उपप्रमुख ज्यूको सचिवालय